# प्रकोपको अवस्थामा राहत सामग्री भन्सार जाँचपासमा सहजीकरण गर्ने सम्वन्धमा अध्ययन गर्न गठित कार्यदलको प्रतिवेदन – २०७२

(कार्यदलद्वारा मिति २०७२ साल जेठ २२ मा भन्सार विभाग समक्ष प्रेषित )

# प्रस्तावित कार्यविधि


प्रतिवेदकहरुः

उपमहानिर्देशक दामोदर रेग्मी

निर्देशक अच्युतप्रसाद शिवाकोटी

निर्देशक मिमांस अधिकारी

निर्देशक कुलराज ज्ञवाली

प्रमुख भन्सार अधिकृत केशवप्रसाद उप्रेती

प्रमुख भन्सार परीक्षक ज्ञानेन्द्रराज ढकाल

शाखा अधिकृत गोपालप्रसाद भट्टराई

श्यामप्रसाद दाहालराष्ट्रिय व्यापार विज्ञ (एडिबि)

शरदविक्रम राणाभन्सार कार्यविधि विज्ञ (एडिबि)

# अनुसूची २: राहत सामग्री भन्सार जान्चपास कार्यविधि २०७२
# (Relief Consignment Customs Clearance Procedure – 2015)

**प्रस्तावना**

प्रकोपको अवस्थामा राहत सामग्रीको शीघ्र जाँचपास गर्न वाञ्छनीय भएकोले भन्सार ऐन २०६४को दफा ९३ ले दिएको अधिकार प्रयोग गरी विभागले यो कार्यबिधि बनाई लागू गरेको छ।

**खण्ड क**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** (क) यस कार्यबिधिको नाम"**राहत सामग्री जाँचपास कार्यविधि २०७२"**रहेको छ।

(ख) यो कार्यबिधि तुरुन्त लागू हुनेछ।

ग) यो कार्यविधि प्रकोपको अवस्थामा नेपाल सरकारले संकटग्रस्त क्षेत्र भनी तोकेको क्षेत्रमा प्रयोग हुने राहत सामग्री पैठारी गर्दाको हकमा मात्र लागू हुने छ।

२. **परिभाषा**

(क) "मन्त्रालय" भन्नाले अर्थ मन्त्रालयसम्झनु पर्दछ ।

(ख) "विभाग" भन्नाले भन्सार विभागलाई सम्झनु पर्दछ।

(ग) "महा-निर्देशक" भन्नाले भन्सार विभागका महा-निर्देशक सम्झनु पर्दछ।

(घ) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्दछ।

(ङ) "नियमावली" भन्नाले भन्सार नियमावली २०६४ सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले भन्सार विभाग अन्तरगतका भन्सार कार्यालयहरुलाईजनाउनेछ।

(छ) "पैठारीकर्ता" भन्नाले विदेशी मुलुकबाट नेपालभित्र मालवस्तु ल्याउने व्यक्ति, संस्था वा कार्यालय सम्झनु पर्छ।

(ज) "निकासीकर्ता" भन्नाले नेपालबाट विदेशी मुलुकमा मालवस्तु पठाउने व्यक्ति सम्झनु पर्छ।

(झ) "घोषणा" भन्नाले निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गर्ने मालवस्तुको विवरण प्रज्ञापनपत्रमा वा घोषणा फाराममा उल्लेख गर्ने वा विद्युतीय माध्यमबाट तोकिएबमोजिम सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "सरलीकृत घोषणा फाराम" भन्नाले प्रकोपको अवस्थामा पैठारी हुने मालवस्तु घोषणागर्न तर्जुमा गरिएको तोकिए बमोजिमको सरलीकृतफाराम सम्झनु पर्छ।

(ट) "भन्सार क्षेत्र" भन्नाले ऐनको दफा ३ बमोजिम नेपाल सरकारले तोकिदिएको भन्सार क्षेत्र सम्झनु पर्छ। सो शव्दले विपद तथा प्राकृतिक प्रकोपको अवस्थामा उद्धार तथा राहतका लागि पैठारी हुने मालवस्तु भन्सार जाँचपास गर्ने प्रयोजनका लागि महा-निर्देशकले तोकिदिएको अस्थायीभन्सार क्षेत्र समेतलाई बुझाउनेछ।

(ठ) "प्रकोप" भन्नाले भुकम्प, आगलागी, आँधीबेहरी, बाढी पैरो, अतिबृष्टि, अनाबृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्रकोपलाई सम्झनुपर्छ र सो शव्दले औद्योगिक दुर्घटना, विष्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै प्रकारको प्रकोप समेतलाई जनाउँनेछ।

(ड) "उद्धारकर्ता वा राहतकर्ता" भन्नाले प्रकोपको अवस्थामा पीडितहरुलाई मानवीय सहायता प्रदान गर्न आउने व्यक्ति, व्यक्तिहरुको समूह र संगठित इकाईलाई जनाउँछ र सो शव्दले **संयुक्त राष्ट्र संघीय ढाँचा अन्तरगत राहत संचालन गर्ने व्यक्तिहरु समेतलाई जनाउनेछ।**

(ढ) **"राहत सामग्री"** भन्नाले प्रकोपको अवस्थामा पीडितहरुको उद्धार तथा राहतका लागि मानवीय सहायता स्वरुप प्रदान गर्न निकासी पैठारी गरिने तोकिए बमोजिमका मालवस्तु सम्झनुपर्छ।

(ण) **"संकटग्रस्त क्षेत्र"** भन्नालेप्रकोपबाट असर परेको वा पर्न सक्ने क्षेत्रको सीमाना तोकी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको क्षेत्र सम्झनु पर्छ ।

(त) **"सहयोग पत्र"** भन्नाले प्रकोप प्रभावितहरुको उद्धार तथा राहतका लागि मालवस्तुको विवरण, नाम, परिमाण, मूल्य समेत खोली विदेशी राष्ट्र वा संघ संस्थाहरु (सहयोगदाता) ले नेपाल सरकारको नाममा निशुल्क सहयोग गरेको व्यहोराको पत्र सम्झनु पर्छ ।

## खण्ड ख

## राहत सामग्री पैठारी सम्बन्धी सामान्य व्यवस्था

**३. राहतसामग्री पैठारी गर्न सकिने:**

१.प्रकोपबाट प्रभावितहरुको उद्धार तथा राहत लागि तत्काल आवश्यक पर्नेदेहाय बमोजिमका राहत सामग्रीहरु पैठारी गर्न सकिनेछ ।

(क) खाद्य पदार्थ,

(ख(आर्थिक ऐन २०७२ अनुसूची १ दफा १९ (विविध) (६) (३) मा समावेस गरिएको))औषधी,

(ग) लत्ता कपडा,

(घ) कम्बल,

(ङ) पाल, त्रिपाल,

(च) तयारी घर लगायत अनिवार्य आवश्यकताका मालवस्तुहरु ।

(छ)दरी ,म्याट्रेस एवं विच्छयौनाका समान,

(ज) झुल,

(झ) पानी सुद्धिकरण गर्ने औषधी तथा उपकरण,

**तर,**

माथि उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएपनि पछि फिर्ता गर्ने शर्तमा अस्थायी पैठारी गर्न पाइने गरी दफा १२को उपदफा १ मा तोकिएका मालवस्तु बाहेक अन्य पुराना वा प्रयोग भई सकेका मालवस्तु राहत सामग्रकिो रुपमा पैठारी गर्न पाइने छैन ।

२.प्रकोपको प्रकृति र त्यसबाट प्रभावित क्षेत्र समेतलाई विचारगरी नेपाल सरकारलेउल्लेखित सूचीमा रहेका राहत सामग्रीको किटानी विवरणको सूची तोक्न वा उक्त सूचीमा थपघट गर्न सक्नेछ ।

**४. राहत सामग्रीको रुपमा पैठारी गर्न प्रतिवन्ध गरिएका मालवस्तुहरु:**

१. राहत सामग्रीको रुपमादेहाय बमोजिमका मालवस्तुहरु पैठारी गर्न पाइने छैन**;**

(क) अनुमति नलिइएका लागू औषधी, जस्तै, हिरोइन, मारफिन, कोकिन, एमफेटामाइन्स, बारविटुरेस, एल.एस.डी., र गाँजा ।

(ख) आक्रमक हतियारहरु, जस्तै साना चक्कुहरु, चौडा चक्कुहरु,

(ग) बन्दुक, विष्फोटक पदार्थ, गोली बारुद,

(घ) बालबालिकाहरुका लागि बनाइएका असभ्य, निर्लज्ज र अश्लिल सामग्रीहरु जस्तै, पुस्तक, पत्रिका, चलचित्र, भिडियो, डि.भि.डि. र सफ्टवेयर,

(ङ) अश्लिलता झल्काउने सामग्री, बयस्कहरुका लागि कानूनी रुपमा किनबेच गरिने ग्राह्य सामग्री बाहेक,

(च) नेपाल भित्र प्रतिलिपि अधिकार उल्लंधन गर्ने नक्कली सामग्री,

(छ) अनधिकृत सरकारी चिन्ह, आकृति र संकेत प्रयोग गरिएका दिगभ्रमित गर्ने बस्तुहरु,

(ज) युनेस्को महासन्धिबाट संरक्षित सांस्कृतिक बस्तुहरु ,

(झ) साइटिस वा नेपाली कानूनबाट संरक्षित बोट विरुवा र वन्य जस्तु ,

(ञ) स्वास्थमा जोखिम पार्न सक्ने बस्तुहरु ।

२. उपदफा १ माउल्लेखित मालवस्तु वाहेक अन्य मालवस्तुको पैठारीमा कुनै आर्थिक निषेध वा प्रविवन्ध लागु हुने छैन ।

**५. राहत सामग्रीमा महसुल छुटको व्यवस्थाः**

राहत सामग्रीको पैठारीमा ऐनको दफा ९(८) बमोजिम महसुल छुट हुनेछ ।

**६. राहत सामग्री जाँचपासको लागि विशेष स्थान तोक्न सक्नेः**

१. सम्बन्धित भन्सार कार्यालयको प्रमुखले राहत सामग्रीको शीघ्र जाँचपास गर्नका लागि तोकिएको भन्सार क्षेत्रभित्र आवश्यकतानुसार छुट्टै स्थानको व्यवस्था गरी जाँचपास गर्ने व्यवस्था गर्न सक्नेछ ।

२ राहत सामग्री तोकिएको भन्सार क्षेत्र बाहिर जाँचपास गर्न उपयुक्त लागेमा तोकिएको भन्सार क्षेत्र बाहिरको कुनै क्षेत्रलाई महा-निर्देशकले आवश्यकतानुसार अस्थायी भन्सार क्षेत्र तोक्न सक्नेछ ।

तर यसरी तोकिएको भन्सार क्षेत्रमा राहत सामग्री बाहेक अन्य मालवस्तुको जाँचपास गर्न पाइने छैन ।साथै यसरी तोकिएको अस्थायी भन्सार क्षेत्र महा-निर्देशकले जुनसुकै बेला खारेज गर्न सक्नेछ ।

**७. उद्धार तथा राहतका मालवस्तु पैठारीका लागि भन्सार कार्यालय तोक्न सक्नेः**

१ उद्धार तथा राहतका मालवस्तु सामान्यतयाः निम्न भन्सार कार्यालयहरुबाट निकासी पैठारी गर्न सकिनेछः

(क) त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाण्डौ ।

(ख) मेची भन्सार कार्यालय, काकडभिट्टा, झापा ।

(ग) विराटनगर भन्सार कार्यालय, रानी, मोरंग ।

(घ) वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज, पर्सा ।

(ङ) सुख्खाबन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा ।

(च) भैरहवा भन्सार कार्यालय, वेलहिया, रुपन्देही ।

(छ) कृष्णनगर भन्सार कार्यालय, कृष्णनगर ।

(ज) नेपालगञ्ज भन्सार कार्यालय, नेपालगञ्ज, बाँके ।

(झ) कञ्चनपुर भन्सार कार्यालय, महेन्द्रनगर, कञ्चनपुर ।

(ञ) तातोपानी भन्सार कार्यालय, लिपिंग, सिन्धुपाल्चोक ।

२ उपदफा१मा उल्लेखित कार्यका लागि सो उपदफामा उल्लेखित भन्सार कार्यालयहरु औचित्यको आधारमा महा-निर्देशकले थपघट गर्न सक्नेछ ।

**८. राहत सामग्री पैठारी गर्न पाउने निकायहरुः**

राहत सामग्रीहरु देहायका निकायहरुले मात्र पैठारी गर्न पाउने छन् ।

(क) संयुक्त राष्ट्रसंघ,

(ख) संयुक्त राष्टसंघ अन्तरगतका एजेन्सीहरु,

(ग) संयुक्त राष्ट्रसंघको उद्धार संचालन ढाँचा अन्तरगत रहेका संयुक्त राष्ट्रसंघबाट आधिकारिक रुपमा स्वीकार गरिएका सरकारी, अन्तर सरकारी तथा गैर सरकारी संगठनहरु,

(घ) राहत सामग्री ढुवानी गर्न तथा/वा प्रकोप उद्धार कार्यको लागि सहभागी कर्मचारी बोक्न संयुक्त राष्ट्रसंघ वा संयुक्त राष्ट्रसंघ अन्तरगतका एजेन्सी वा संयुक्त राष्ट्रसंघले प्रमाणीकरण गरेका सरकारी, अन्तरसरकारी तथा गैर सरकारी संघ संगठनसँग सम्झौता गरेका यातायात संचालकहरु ।

(ङ) नेपाल सरकारसँग सम्झौता भएका अन्तर्राष्ट्रिय परोपकारी संघ, संस्था र एजेन्सीहरु ।

(च) विदेशी मुलुकका सरकारी निकायहरु ।

(छ)नेपाल सरकारले तोकेको वेयर हाउसमा दाखिला गर्ने गरी राहत सामग्री पैठारी गर्ने संघ संस्थाहरु ।

(ज) नेपाल सरकारले तोकेका अन्य निकायहरु ।

## खण्ड ग

## राहत सामग्री जाँचपास सम्बन्धी व्यवस्था

**९. राहत सामग्री भन्सारमा घोषणा गर्नुपर्नेः**

१ राहत सामग्रीहरु अनुसूची (क) बमोजिमको फाराम भरी वा विद्युतीय माध्यमबाट पैठारीकर्ता स्वयंलेवा देहायको खण्ड (ङ) बमोजिम अख्तियार प्राप्त व्यक्तिलेदेहायका कागजात संलग्न गरी भन्सार अधिकृत समक्षघोषणा गर्नुपर्नेछः

(क) बिजक वा मालवस्तुको विवरण खुलेको सहयोग पत्र (Donation Letter) ।

(ख) प्याकिङ लिष्ट ।

(ग) बील अफ लेडिंग/एअर वे बिल ।

(घ) पैठारीकर्ताको तर्फबाट मालवस्तु पैठारी गर्न अख्तियारी दिई सम्बन्धित भन्सार कार्यालयलाई सम्बोधन गरी लेखिएको पत्र ।

(ङ) सि.टि.डि.फाराम ।

तर नेपाल सरकारका निकायहरुले वुझि लैजानुपर्ने राहत सामग्रीको हकमा र प्रापक उल्लेख नभएका राहत सामग्रीहरु नेपाल सरकारका निकायले बुझी लैजाँदा भन्सार अधिकृतले औचित्य हेरी तत्काल उपलव्ध कागजातका आधारमा घोषणा गराई जाँचपास गर्न सक्ने छ ।

२. उपरोक्त कागजातको अतिरिक्त संयुक्त राष्ट्र संघ र सोसँग सम्बद्ध संगठनहरुले पैठारी गर्दा उक्त संघको तर्फबाट प्रमाणिकरण गरिएको पत्र समेत पेश गर्नुपर्नेछ ।

३. उपरोक्तानुसार मालवस्तु घोषणा गर्दा पैठारीकर्ता वा प्राप्त गर्ने वा निजले अख्तियारी दिएको भन्सार एजेण्ट वा व्यक्तिले घोषणा गर्नुपर्नेछ । पैठारीकर्ताले वा प्राप्त गर्नेले कुनै व्यक्तिलाई मालवस्तु छुटाउन अख्तियारी दिएको भएमा त्यसरी अख्तियार प्राप्त व्यक्तिको तस्विर सहितको परिचय खुल्ने कागजको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।

४.पैठारीकर्ताले कुनै एजेन्ट वा प्रतिनिधि नतोकेको अवस्थामा भन्सार कार्यालयका कर्मचारीहरुलेनै मालवस्तुको घोषणा गर्न सहयोग गर्नु पर्ने छ ।

५. राहत सामग्री शीघ्र भन्सार जाँचपासका लागि उक्त सामग्री भन्सार क्षेत्रमा आउनु अगावै पैठारीकर्तालेसामग्रीको मेनिफेष्ट सहित आवश्यक कागजात संलग्न गरी मालवस्तु घोषणा गर्न सक्ने व्यवस्था गरिनेछ ।

६. राहत सामग्री घोषणा गर्दा त्यस्ता सामग्रीको उत्पत्तिको मुलुक खुलाउन वाध्य पारिने छैन ।

७. प्राप्त राहत सामग्री तीन दिनसम्म कसैले दावी नगरी जाँचपास हुननसकेमा त्यस्ता मालवस्तु सम्बन्धित भन्सार कार्यालयलेनेपाल सरकारले तोकेको गोदाममा दाखिल गर्ने छ ।

८ उपदफा१ मा तोकिएका कागजातहरुको सक्कल प्रति तत्काल पेश गर्न नसकी सोको प्रतिलिपी पेश गरेमा त्यस्तो प्रतिलिपीलाई मान्यता दिइनेछ ।

**१०. राहत सामग्रीको भन्सार मूल्यांकनः**

१. राहतका सामग्रीको मूल्य पैठारीकर्ताले घोषणा गरे बमोजिम हुनेछ ।

२.पैठारीकर्ताले मूल्य घोषणा नगरेकोर निजले पेश गरेको कागजातबाट मूल्य नखुलेको अवस्थामा भन्सार अधिकृतले त्यस्ता मालवस्तुको भन्सार प्रयोजनको लागि अनुमानित मूल्य तोक्नु पर्नेछ ।

**११. राहतका सामग्रीको भन्सार जाँचपास सम्बन्धी व्यवस्थाः**

१.राहतका सामग्रीलाई उच्च प्राथमिकता दिई शीघ्र जाँचपासको व्यवस्था गरिनेछ ।

२.भन्सार जाँचपासको लागि आवश्यकतानुसार छुट्टै स्थान वा क्षेत्रको व्यवस्था गरिनेछ ।

३.भन्सार कार्यालयको नियमित कार्यका लागि तोकिएका जनशक्तिलाई व्यवस्थापन गरी वा आवश्यक परेमा थप जनशक्ति खटाई चौविसै घण्टा राहत सामग्री जाँचपास गर्ने व्यवस्था मिलाइनेछ ।

४. राहत सामग्रीको रुपमा पैठारी हुन आएका मालवस्तु सोही प्रयोजनका लागि पैठारी गर्न पाइने सामग्री हो/होइना यकिन गरेर मात्र जाँचपासको प्रक्रिया अघि बढाइनेछ ।

५.राहत सामग्री भन्सार क्षेत्रमा आइपुग्नु अगावै कागजातहरु पेश भएकोवा राहत सामग्री घोषणा गरेकोअवस्थामा त्यस्ता राहत सामग्रीलाई प्राथमिकताका साथ जाँचपास गरिनेछ ।

६.अपवादका रुपमा राहत सामग्रीको भौतिक परीक्षण गर्नु पर्ने भएमा नमूना वा छनोटका आधारमा शीघ्र भौतिक परीक्षण गरी मालवस्तु जाँचपास गर्नु पर्ने छ ।

७. राहत सामग्री तोकिएको भन्सार क्षेत्र र यात्रुले साथै ल्याएका सामग्रीहरु यात्रु जाँचपास कक्षबाट शीघ्र जाँचपास गरिने छ ।

८.उद्धार तथा राहतका लागिसंयुक्त राष्ट्रसंघ र सो अन्तर्गतका विशिष्टिकृत संस्थाहरु वा परराष्ट मन्त्रालयको सिफारिसमा पैठारी हुने वा सरकारी तवरबाट पैठारी गरिने मालवस्तुहरुको शीघ्र भन्सार जाँचपास गर्नुपर्ने अवस्था देखिएमा पेश गर्नुपर्ने आवश्यक कागजातहरु वा पूरा गर्नुपर्ने भन्सारका अन्य प्रकृयाहरु ३० दिनभित्र पेश गर्ने वा पूरा गर्ने शर्तमा अस्थायी वा अपूर्ण रुपमा मालवस्तुको घोषणा गरिएको भएमा पनि त्यस्ता मालवस्तु तत्काल भन्सार जाँचपास गर्न सकिनेछ ।

९.खाद्य तथा पेय पदार्थ जस्ता क्वारेन्टाइन चेकजाँच गर्नुपर्ने एवं सुरक्षाको दृष्टिकोणले चेकजाँच गर्नुपर्ने प्रकृतिका राहत सामग्रीहरुको हकमा क्वारेन्टाइन एवं सुरक्षा जाँचको प्रक्रिया भन्सार जाँचपासकै क्रममा पूरा गर्ने गरी एकद्वार प्रणालीको अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ ।

## खण्ड ग

## उद्धार तथा राहतका मालवस्तु अस्थायी पैठारी तथा निकासी सम्बन्धी व्यवस्थाः

### १२. उद्धार तथा राहत कार्यका लागि अस्थायी पैठारी गरिने मालवस्तुहरुः

१. प्रकोप उद्धार तथा राहत कार्यमा प्रयोग हुने तथा उद्धार तथा राहतका लागि आउने विदेशी व्यक्तिहरुका लागि आवश्यक पर्ने देहाय बमोजिमका मालवस्तुहरु पछि फिर्ता लैजाने गरी लगतमा राखी अस्थायी पैठारी गर्न सकिनेछ;

(क) सूचना तथा संचार सम्बन्धी उपकरणहरु,

(ख) पानी सुद्धिकरण तथा पानी भण्डारण सम्बन्धी उपकरण तथा वस्तुहरु,

(ग) डक्टर, इन्जीनियर, संचारकर्मी, लजिष्टिसियन, सामुदायिक कार्यकर्ता आदिको कामको लागि आवश्यक पर्ने सबै किसिमका उपकरण, मेसिन, यन्त्र तथा विद्युतीय उपकरणहरु,

(घ) राहतको लागि प्रत्यक्ष रुपमा प्रयोग नहुने तर प्रकोपबाट भएको असरलाई हटाउन र सोको सामना गर्न प्रयोग हुने उपकरणहरुः जस्तै, सबै प्रकारका प्रदुषण हटाउने, विग्रीएका, भत्किएका घर, भवनहरु तथा संरचनाहरु सफा गर्न वा हटाउन, औद्योगिक संरचनाहरु निरिक्षण गर्न आदि कार्यमा प्रयोग हुने मेसिनरी तथा उपकरणहरु,

(ङ) कार्यालय उपकरण जस्ता प्रशासनिक सहयोगी मालवस्तुहरु, जस्तै, कम्प्युटर, फोटोकपि तथा टाइपराइटर, खर्च भएर जाने आपूर्तिका मालवस्तुहरु, कर्मचारी सुरक्षा सम्बन्धी उपकरणहरु, प्रशासनिक म्यानुअल तथा कागजातहरु,

(च) प्रकोप उद्धार कार्यमा खटिने कर्मचारीका लागि स्थानान्तरण गर्न सकिने वासस्थान तथा यसका सहायक सामग्रीहरु, जस्तै खाना पकाउने तथा खाने उपकरण तथा सामग्रीहरु, वाथरुम सम्बन्धी सामग्रीहरु, सुरक्षा सम्बन्धी सामग्रीहरु,

(छ) सवारी, ढुवानी साधनहरु, तिनका स्पेयर पार्टस् तथा मर्मतका लागि आवश्यक उपकरणहरु,

(ज) उद्धार संचालनका लागि आवश्यक जनावरहरु, जस्तै, तालिम प्राप्त कुकुरहरु ।

(झ) प्रकोप उद्धार कर्मचारीहरु बस्न तथा तिनीहरुको कार्य सम्पादनका लागि आवश्यक पर्ने मालवस्तुहरु,

(ञ) नेपाल सरकारले निर्णय गरी तोके बमोजिमका मालवस्तुहरु ।

२.उद्धार तथा  राहतका लागि आउने विदेशी व्यक्तिहरुले आफू साथमा ल्याएका वा अघिपछि मगाएका माथि उपदफा १मा उल्लेखित मालवस्तुहरु अस्थायी पैठारी गर्दालगतमा रहने अवधि समेत खुलाउनु पर्नेछ ।

३.लगतमा राखी अस्थायी पैठारी गरिएका मालवस्तुहरु तोकिएको अवधिभित्र फिर्ता लैजानु पर्नेछ । यसरी फिर्ता निकासी गर्दा शुरु पैठारी गर्दाको घोषणा फारम पेश गर्न लगाई सो अनुसारको मालवस्तु हो वा होइन यकिन गरेर मात्र निकासी गरिदिनु पर्नेछ ।

तर नेपाल सरकारले स्वीकृती दिएमा लगतमा राखी अस्थायी पैठारी गरिएका मालवस्तु कुनै सरकारी निकायलाई हस्तान्तरण गर्न सकिनेछ ।

४.लगतमा राखी अस्थायी पैठारी गरिएका मालवस्तु निकासी गरेपछि वा नेपाल सरकारको कुनै निकायलाई हस्तान्तरण गरेमा सोको प्रमाणको आधारमा पैठारी लगत कट्टा गर्नुपर्नेछ ।

५. पुर्ननिकारी हुन नसकेका मालवस्तुहरु उपयुक्तताका आधारमा ह्रासकट्टी गरिएको मूल्यमा लाग्ने कर महसूल भुक्तान गरी स्थानीय बजारमा विक्रीगर्न अनुमति दिन सकिनेछ ।

## खण्ड ङ

## विविध

### १३. प्रचलित कानून बमोजिम हुने:

राहत सामग्रीको भन्सार जाँचपास प्रकृयाका सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको व्यवस्था बाहेक अन्य व्यवस्थाहरु भन्सार ऐन, नियम,तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

### १४. बाधा अड्काउ फुकाउ:

यस कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा परेमा वा यस कार्यविधिमा भएको कुनै विषयमा विवाद भएमा भन्सार विभागका महानिर्देशकले गरेको व्याख्या र निर्णय अन्तिम हुनेछ ।

## अनुसूची २खण्ड १ (ग) सन्ग सम्बन्धित: राहत समाग्री जांचपास सरलीकृत प्रज्ञापनपत्र

**नेपालसरकार**

Government of Nepal

**अर्थमन्त्रालय**

Ministry of Finance

**भन्सारविभाग**

Department of Customs

...................... **भन्सारकार्यालय**

## प्रकोपपिडितकोराहतकोलागिजाँचपासगरिएकासामाग्रीहरुको घोषणाफाराम (Declaration Form for Relief materials)

**पठाउनेसंघ/संस्था/व्यक्तिकोनाम** (Senders organization/Company/Individual Name):☐

**देश** (Country) :☐

**सामानप्राप्तगर्नेसंघ / संस्थाकोनाम** (Receivers Organization/Company Name):☐

**ठेगाना** (Receiver Address):☐ **सम्पर्कफोननं**. (Receiver Phone Number):☐

| | HS Code | **मालवस्तुकोविवरण** (Goods Description) | **परिणाम**(Quantity) | **इकाइ**(Unit) | **विलमूल्य / अनुमानितमूल्य** (Bill Amount/Value) | **म** |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | □ | □ | □ | □ | □ | □ |

**उपर्युक्तबमोजिमकोराहतसामाग्रीदेहायकास्थानकाप्रकोप पीडितहरुलाईवितरणगर्नेप्रयोजनकालागिल्याइएकोहो।उक्तराहतसामाग्रीसम्बन्धितजिल्लाप्रशासनकार्यालयजिल्लादैवीप्रकोपउद्धारसमितिसंगकोसमन्वयमावितरणगरीत्यसकोप्रमाणितविवरणयसभन्सारकार्यालयमा३० दिन भित्रबुझाउनेछौअन्यथा प्रचलितकानूनबमोजिममहसुलबुझाउछौ।**

These relief materials are brought to distribute to the victims in disaster area in coordination with district administrative office / District Disaster Relief Committee. The certified copy of relief materials will be submitted to this customs office within 30 days. Otherwise, I agree to pay the applicable duty as per the existing rules and regulations.

**जिल्लाको** / District : □ **न.पा./गा.वि.स** (Municipality/VDC) : □ **स्थान**/Address : □

---

**कार्यालयप्रयोजनकोलागि (Office Use Only) :**

**हस्ताक्षर (Signature):**

**प्रज्ञपनपत्रनं (Declaration Number) :**

**मिति (Date) :**

**सस्थाकोप्रतिनिधिकोनाम (Representative Name):** □

**पद (Designation):** □

**सम्पर्कमोवाइलनं (Mobile Number):** □

**मिति (Date):**

**सस्थाकोछाप (Office Stamp):**